
## महाभारत वन संरक्षण क्षेत्र

डडेल्धुरा सुदूरपश्चिम प्रदेशको एक प्राकृतिक सौन्दर्य, हरियाली वन, अमूल्य जडीबुटी, जैविक विविधता, वातावरणीय, ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक दृष्टिकोणले भरिपूर्ण जिल्ला हो । यो जिल्लाको कुल क्षेत्रको करिब ७५ प्रतिशत क्षेत्र वनले ओगटेको छ । समुद्र सतहको करिब ५०० मिटरदेखि २,६७६ मिटरसम्मको (गन्यापधुरा, कम्पास) उचाइमा यो फैलिएको छ । जिल्लाको कुल वन क्षेत्र १,१५,१६९ हेक्टरमध्ये यसले ५३,०१४ हेक्टर (कुल वन क्षेत्रको ४६ प्रतिशत) ओगटेको छ । यसैगरी संरक्षण क्षेत्रले ओगटेको ५३,०१४ हेक्टरमध्ये ४२,२८७ हेक्टर जङ्गलले ओगटेको छ भने बाँकी क्षेत्र आवादी तथा खुला क्षेत्र रहेको छ ।

यो संरक्षित वन क्षेत्रले अमरगढी नगरपालिकाको वडा नम्बर १,२ र ३, भागेश्वर गाउँपालिकाको वडा नम्बर १, २, ४ र ५, परशुराम नगरपालिकाको वडा नम्बर १,२ र ३, आलिताल गाउँपलिकाको वडा नम्बर १,२ र ३ र गन्यापधुरा गाउँपालिकाको वडा नम्बर १, २, ४ र ५ का निजी तथा आवादी र वन क्षेत्र छुन्छ । यद्यपि केही क्षेत्र छुटेको हुनाले पुनः GPS द्वारा बृहत सिमाना मापन गर्नुपर्ने जरूरी देखिएको छ ।

यो वन संरक्षण क्षेत्रको दिगो व्यवस्थापन गर्न वनलाई गाउँबस्तीसँग जोडिएर रहेको वन क्षेत्रलाई (Frienge area) ४१,४३० हेक्टर, वनको भित्री भागलाई (Core area) ११,५८३ हेक्टर गाउँबस्तीको क्षेत्रलाई प्रभावित क्षेत्र (Impact area) कायम गरी तीन भागमा विभाजित गरिएको छ । यस संरक्षित वन क्षेत्रभित्र करिब ९० वटा सामुदायिक वन र २५ वटा कबुलियती वन पर्दछन् । यो संरक्षित वनको महत्वलाई ध्यानमा राखेर वन तथा भू-संरक्षण विभागले २०६८/१२/१९ गतेको विभागीय निर्णय अनुसार १० वर्षका लागि कार्ययोजना स्वीकृत गरेको छ तर विविध कारणले राजपत्रमा प्रकाशित हुन सकेको छैन, तसर्थ यसको सहज व्यवस्थापनमा कयौँ समस्या देखिएको छ ।

वन ऐन, २०७६ को दफा १५ अनुसार वन तथा वातावरण मन्त्रालयले सम्बन्धित प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय वनको कुनै भाग




तथा सम्बन्धित भूपरिधीय क्षेत्रलाई सिमाङ्कन गरी विशेष कार्ययोजना बनाई निम्न प्रकारको वनलाई वन संरक्षण क्षेत्रको रूपमा घोषणा गर्न सकिने व्यवहोरा उल्लेख गरेको छ :

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको
- जलाधार संरक्षणको हिसाबले संवेदनशील देखिएको
- संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको वा
- पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको

यस वन क्षेत्रको व्यवस्थापन कार्ययोजनाबमोजिम डिभिजन वन कार्यालय र वन संरक्षण क्षेत्रभित्रका विभिन्न सामुदायिक वन, कबुलियती वन, विभिन्न वडा पालिकाका प्रतिनिधिसहित बनेको वन संरक्षण परिषद्ले नियमानुसार गर्नेछ :

## महाभारत वन संरक्षण क्षेत्रको जैविक विविधता (Biodiversity)

- **वनस्पति विविधता** (Floral Diversity) : यस वन संरक्षण क्षेत्रमा साल, सल्ला, लालीगुराँस, देवदार, बाँझ, फलाट, ठिन्ग्रे सल्लो, खस्रु जस्ता प्रजाति पाइन्छन् भने यस क्षेत्रमा पाइने मुख्य लघुवन पैदावारमा झ्याउ, सुगन्धवाल, कुरिलो, पाखनबेत, रिठो, अमला, काउलो, तेजपात, बोझो, टिमुर, अल्लो, लोक्ता, लौठसल्ला, हर्रो, बर्रो, चुत्रो, निगालो, चिउरी आदि हुन् । जैविक विविधताको दृष्टिकोणले अत्यन्त धनि रहेको यो क्षेत्रको बृहत अध्ययन हुनुपर्ने देखिन्छ ।
- **जीवजन्तु विविधता** (Faunal Diversity) : वन्यजन्तुको उपस्थितिको अध्ययन गर्न महाभारतको घण्टेश्वर र भागेश्वर करिडोरमा राखिएको क्यामेरामध्ये भागेश्वर करिडोरमा २,५०० मिटरको उचाइमा पाटेबाघको (Panthera Tigris) इमेज ट्र्याप भएपछि यो वन क्षेत्रको महत्व अझ बढ्न गएको छ । प्रायः तराईमा मात्र पाइने विश्वास गरिएको पाटेबाघ नेपालकै अहिलेसम्म सबैभन्दा उचाइमा पाइएको पाटेबाघ हो । जसले सम्पूर्ण संरक्षणकर्मीलाई खुसी र उत्साहित बनाएको छ । यसका अलावा रेड फक्स, लार्ज इन्डियन सिभेट, हाइना, चितुवा, जरायो, घोरल, सालक, हरिणका विभिन्न प्रजाति, दुम्सी, स्याल, चरा, माछा, सरीसृप आदि छन् ।

## महाभारत वन संरक्षण क्षेत्रको प्रमुख समस्या र चुनौती

- यो वन क्षेत्रको महत्व जनस्तरमा पुऱ्याउन नसक्नु र यहाँको जनस्तर, नागरिक समाजबाट यो वन क्षेत्रलाई जुन ढङ्गले अपनत्व ग्रहण गर्नुपर्ने हो सो ढङ्गले नलिनु सबैभन्दा ठूलो समस्या हो ।
- अहिले वन कार्यालयसँग रहेको थोरै मौजुदा जनशक्ति, यहाँ लगाइएको स्रोतको अभाव अर्को चुनौती देखिएको छ ।
- वातावरणीय मूल्याङ्कन (IEE/EIA) बिना जथाभावी पूर्वाधारको निर्माणले यसको अवस्था जर्जर बन्दै गएको ।
- तीन तहका सरकार, अन्य पूर्वाधार निर्माण गर्ने कार्यालय र वन कार्यालयबीच समन्वयको कमी ।
- अतिक्रमण (गरिब, कमजोर व्यक्तिले होइन कि समाजका सम्पन्न र हुनेखानेले राजनीतिक आड भरोसामा गर्ने सङ्गठित र संस्थागत अतिक्रमण) ।
- वनमा खुला चरिचरन तथा अव्यवस्थित गोठ प्रणाली ।
- वन डढेलो ।
- अनियमित किसिमले दाउरा सङ्कलन तथा बिक्री वितरण ।
- स्थानीय जनतामा वन संरक्षण र सम्बर्द्धनमा जनचेतनाको कमी ।
- अव्यवस्थित खोटो तथा अन्य जडीबुटी सङ्कलन तथा बिक्री वितरण ।
- चोरी सिकारी ।

## सम्भावना तथा अवसर

- पाटेबाघ लगायत जैविक विविधता, पारिस्थितिकीय प्रणाली, एवं पुनर्स्थापना गरी दुर्लभ र महत्वपूर्ण वनस्पति, वन्यजन्तुको संरक्षण र सम्बर्द्धन गर्ने ।
- वातावरणीय सन्तुलन तथा प्राकृतिक मनोरम दृश्य रहेका क्षेत्रको विकासद्वारा पर्यापर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने ।
- शीतल पदमार्ग, हाइकिङ र ट्रेकिङ रूटको (गन्यापताल, भागेश्वर, घंटेश्वर लगायत) रूपमा विकास गरी होमस्टे आदिको प्रवर्द्धन गर्दै सुदूरपश्चिम क्षेत्रको एक भरपर्दो आकर्षक, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक गन्तव्यका रूपमा विकास गर्न सकिने ।
- हरित उद्यम र आयमूलक कार्यक्रम (खोटो जडीबुटी, बाँस, निगालो, पर्यापर्यटन आदि)द्वारा स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने ।
- संरक्षित वनमा बहुमूल्य जडीबुटी संरक्षण, सम्बर्द्धन र उद्यम तथा विविध पर्यटन व्यवसाय स्थापना गराई रोजगारीका अवसर सिर्जना गर्ने ।
- संरक्षित वनमा पर्ने विभिन्न उपजलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन गरी जलस्रोतको बहुउपयोग गर्ने ।
- समुदायबीच समन्वय र सहकार्य गरी वातावरण सेवा शुल्क भुक्तानी प्रणालीको (Payment of Environmental Service Mechanism) विकास गर्ने ।





## हाम्रो अभियान

- डिभिजन वन कार्यालयले सुरूदेखि नै महाभारत वनको व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी सोही अनुसारको प्रचार प्रसार, समन्वय आदिको काम गर्दै आएको छ । जस अन्तर्गत सम्पूर्ण सरोकारवालाको भेला, सव-डिभिजन स्तरीय उपभोक्ता, स्थानीय सरकारका प्रतिनिधिको भेला र समिति गठन, भित्तेलेखन, फ्लेक्स प्रिन्ट, नोटबुक, ब्रोसर निर्माण, समन्वय बैठक आदि छन् ।
- यसका अलावा वन कार्यालयबाट महाभारत क्षेत्रको सम्भाव्यता अध्ययनका लागि पैदलयात्राको (हाइकिङ) माध्यमबाट स्थान अवलोकन, GPS Location लिने, सो रूटको नक्शा (गन्यापताल, गन्याप मन्दिर, घन्टेश्वर, भागेश्वर, तेलेको लेक, चिर्कटे, निगलाडी, हगुल्टे, काफली, घटाल आदि क्षेत्रको) बनाउने र प्रचार-प्रसार गरिरहेको छ । साथै वन्यजन्तुको बृहत् अध्यनका लागि तराई तथा भू-परिधि कार्यक्रम, विश्व वन्यजन्तु कोष आदिको सहकार्यमा क्यामेरा ट्रयापिङ (Camera Trapping) को काम सञ्चालनमा ल्याएको छ । अन्य सरोकारवालासँग यसका लागि थप अध्ययनका लागि पहल हुँदैछ ।
- महाभारत क्षेत्र जोगाउनु भनेको यहाँको जङ्गल जोगाउनु मात्र होइन, महाभारत वन क्षेत्र जोगाउनु भनेको यहाँको इतिहास, सभ्यता, संस्कृति र समृद्धि पनि जोगाउनु हो । यहाँको जीवन आधारसमेत जोगाउनु हो भन्ने तथ्यलाई आधार मानेर डिभिजन वन कार्यालयले **'महाभारतको वन डडेल्धुराको शान, हामी सबै मिली राखौ यसको मान'** भन्ने मूल नारा तय गरी विभिन्न काम गर्दै रहेको छ । यदि यहाको विनाश क्रम नियन्त्रण गरी प्रभावकारी कदम नचाल्ने हो भने हामी डडेल्धुरावासीले गम्भीर प्राकृतिक प्रकोप व्यहोर्नुपर्ने निश्चित देखिएको छ भन्ने चेतावनीसहित यहाँका सरोकारवालालाई **'महाभारतको वन क्षेत्र डडेल्धुराको जीवन आधार (Lifeline) हो, आजैबाट यसको संरक्षण गरौं'** भन्ने सन्देशमूलक नारा तय गरी संरक्षणका लागि आह्वान गरिएको छ ।
- हामीले थप के महसुस गरेका छौं भने वन कार्यालय त एउटा निमित्त मात्र हो जबसम्म यहाँका स्थानीय जनताले, यहाँको समाजले यो वनको महत्व बुझी अपनत्व ग्रहण गर्दैनन् तबसम्म केही हुनेवाला छैन । तसर्थ, यहाँका सबै सरोकारवालाले हाम्रो महाभारत भन्नुपर्छ, वन कार्यालयको मात्र महाभारत होइन ।
- कुन ढंगले संरक्षण गर्ने हो, सो अनुसारको स्पस्ट मोडल बनाउने ।

## कालो बादलभित्र चाँदीको घेरा

थुप्रै समस्या र प्रतिकूलताका बाबजुद पछिल्लो समयमा महाभारत क्षेत्रलाई माया गर्ने, यसको महत्वलाई बुझेर संरक्षण गरौं भन्ने ठूलो जमात तयार छ । तसर्थ, वन कार्यालय यहाँको पछिल्लो अवस्थाबाट उत्साहित र आशावादी छ । यसको संरक्षणको विषयलाई यहाँका राजनीतिक दल, सङ्घीय एवं प्रदेशसभाका माननीय सभासदज्यू, जिल्ला समन्वय समिति, स्थानीय तह, नागरिक समाज, युवा, विद्यार्थी, सञ्चारकर्मीबाट असाध्य सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । सङ्घीय संसद् र प्रदेश संसद्मा प्रतिनिधित्व गर्नुहुने माननीय सभासद्ले यसको महत्व र संरक्षणका बारेमा कुरा उठाउनुभएको छ । यहाँको समन्वय समिति, पालिकले आफ्नो आफ्नो परिषद्बाट यसको संरक्षणका लागि नीतिगत रूपमा नै पारित गरेका छन् । यो हामी सबैका लागि गर्वको विषय हो र यसले निराशाबीच आशाको किरण देखाएको छ ।

## यो जीवनको आधार हो...

महाभारत वन डडेल्धुराको जीवन आधार (Life Line) हो, यो स्वच्छ हावा र चिसो पानीको स्रोत हो । जैविक विविधताले भरिपूर्ण यो वन क्षेत्र, प्राकृतिक सौन्दर्य, सांस्कृतिक एवं धार्मिक सम्पदाले महत्वपूर्ण छ तर वन कार्यालय, सरकारी निकाय र स्थानीय सरकारबीच समन्वयको अभाव, हाम्रो निस्कृयता र बेवास्तापना, वातावरणीय अध्ययन र विकल्पको खोजी विना जथाभावी पूर्वाधारको निर्माण, अतिक्रमण, वन डढेलो आदिले यो क्षेत्र दिन प्रतिदिन सङ्कटग्रस्त भइरहेको छ, यो विनाश क्रम नरोकिएमा हामी डडेल्धुरावासीले गम्भीर प्राकृतिक समस्या व्यहोर्नुपर्ने निश्चित छ । तसर्थ यसको संरक्षण र सम्बर्द्धनमा हामी सबै सरोकारवालाले आजकै मितिबाट निरन्तर रूपमा लाग्न डिभिजन वन कार्यालय, डडेल्धुरा र महाभारत वन संरक्षण परिषद् हार्दिक अनुरोध गर्दछ ।




तपाईं हाम्रो जन्मस्थान रहेको क्षेत्र, कर्मथलो भएको नाताले पनि यो विषयलाई सकारात्मक ढङ्गले लिँदै महाभारत संरक्षणको काममा आफ्नो तहबाट लाग्नुहुनेछ भन्ने आशाका साथ डडेल्धुराको जीवन आधार र सुदूरपश्चिमको गौरवका रूपमा रहेको महाभारत वनलाई संरक्षण गर्न यहाँबाट महत्वपूर्ण र निर्णायक भूमिकाको अपेक्षा गरेका छौं ।

**महाभारतको वन जोगाउन सबैले आ-आफ्नो क्षेत्रबाट हातेमालो गरौ भन्ने पुनः आग्रह गर्न चाहन्छौं ।**

"महाभारत वन, डडेल्धुराको शान
हामी सबै मिलि, राखौं यसको मान"

# महाभारत
# (वन संरक्षण क्षेत्र)

## एक परिचय




प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email : dfodadeldhura096@gmail.com
website : dfodadeldhura.gov.np


**महाभारतको वन डडेल्धुराको जीवन आधार (Lifeline) हो,**
**आजैबाट यसको संरक्षण गरौं !**